संघीय संसद

प्रतिनिधि सभा

अर्थ समिति

# निर्णयहरु

| बैठक संख्या | मिति | निर्णय |
|---|---|---|
| १ | २०७५।०४।२१<br>बिहान ११ बजे | अर्थ समितिको आजको पहिलो बैठकमा समितिका ज्येष्ठ सदस्य मा. श्री महन्थ ठाकुरको ढिलो उपस्थितको जानकारी संगै तत्काल उपस्थित माननीय सदस्यहरु मध्ये ज्येष्ठ सदस्य मा. कु. तुल्सि थापाको सभापतित्वमा आरम्भ भई माननीय सदस्य श्री महन्थ ठाकुरको उपस्थिति पश्चात उहाँकै सभापतित्वमा समितिको कार्यक्षेत्र र आगामी कार्यसुचि सम्बन्धमा समितिका माननीय सदस्यहरुविच छलफल भई तपशिलका निर्णय पारित गर्दै सम्पन्न भयो ।<br>१. अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र लगानी वोर्डसँग ३ दिन भित्र समितिमा आइपुग्ने गरी देहायका विवरण माग गर्ने :<br>● समितिले विगत ५ वर्षमा दिएका निर्देशन कार्यान्वयनको अवस्था, निर्देशन कार्यान्वयन नभएको भए कार्यान्वयन नहुनुका कारण, कार्यान्वयन गर्ने जिम्मेवार पक्ष र कार्यान्वयनको भावी कार्ययोजना,<br>● विगत ५ वर्षमा राजश्व, पूँजिगत खर्च, वैदेशिक सहायता लगायतको लक्ष्य र प्रगति सहितको बजेट कार्यान्वयनको अवस्था र प्रवृत्तीको विवरण,<br>● विगत ५ वर्षको आयात निर्यात लगायतका समष्टिगत आर्थिक परिसूचकहरुका लक्ष्य र प्रगतिको अवस्था/प्रवृत्ति,<br>● सहश्राब्दी विकास लक्ष्यका प्रगति र दिगो विकास लक्ष्यका हाल सम्मका उपलब्धीका साथै भावि कार्ययोजना,<br>● लगानीबोर्डका हालसम्मका कामकारवाहीको विवरण,<br>● राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका काम कारवाही, राजश्व वाँडफाडका आधार र सिफारिस,<br>● राष्ट्रिय योजना आयोगले आगामी राष्ट्रिय जनगणना गर्नको लागि गरेका तयारी सँग सम्बन्धित काम कारवाही र आर्थिक गणनासँग सम्बन्धित भएका काम कारवाहीको विवरण,<br>२. उपरोक्त विवरण प्राप्त भएपछि सचिवालयले मा. सदस्यहरुलाई वितरण गर्ने र मिति २०७५।०४।२७ गते आइतवार विहान ११ बजे बस्ने वैठकमा अर्थ मन्त्रालय, राष्ट्रिय |

| | | |
|---|---|---|
| | | प्राकृतिक स्रोत तथा वित्त आयोग र लगानी बोर्डका पदाधिकारीहरुलाई आमन्त्रण गरी छलफल गर्ने । |
| २ | २०७५/०४/२७ विहान १०:३० बजे | अर्थ समितिको आज मिति २०७५/०४/२७ गते समितिका ज्येष्ठ सदस्य मा. श्री महन्थ ठाकुरको सभापतित्वमा बसेको बैठकमा अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र लगानी वोर्डको काम कारबाहिका सम्बन्धमा सम्बन्धित निकायका पदाधिकारीहरु वीच छलफल भयो । छलफल जारी रहेकोले अर्को बैठक मिति २०७५/०४/२९ बिहान ८:३० बजे बस्ने गरी बैठक स्थगित गरियो । |
| ३ | २०७५/०४/२९ विहान ८:३० वजे | अर्थ समितिको मिति २०७५।०४।२७ गते बसेको बैठक र आज मिति २०७५।०४।२९ गतेको बैठकमा अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र लगानी बोर्डका काम कारबाहिका सम्बन्धमा मा. अर्थ मन्त्री, अर्थ मन्त्रालयका सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सँग छलफल भयो । त्यस्तै गरि हाल संघ, प्रदेश र स्थानीय तहमा एउटै कारोवारमा दोहोरो कर लागेको र कतिपय स्थानीय तहहरुमा अस्वभाविकरुपमा करका दर बढेको सम्बन्धमा वढ्दै गएको जनगुनासो सम्बन्धमा समेत बैठकमा छलफल भयो । ति निकायका काम कारवाहि सम्बन्धमा आगामी बैठकहरुमा थप छलफल गर्दै जाने गरी आजको बैठकले देहायका निर्णय गऱ्यो ।<br>(१) नेपालको संविधानको भाग २६, धारा २५० बमोजिम गठन गर्नुपर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको यथाशिघ्र गठन गरी कार्यान्वयनमा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने ।<br>(२) अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ वमोजिमको अन्तर–सरकारी वित्त परिषदलाई पुर्णता दिई उक्त परिषदलाई यथाशिघ्र कार्यान्वयनमा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने ।<br>(३) प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगले समन्वयात्मकरुपमा कार्य गरी कर सम्बन्धि नीति, कानुन, नियम र कार्यविधिमा दोहोरो कर लाग्ने व्यवस्था भएको भए त्यस्ता नीति र कानुनमा संसोधन, परिमार्जन वा खारेज गरी एक निश्चित आधार र मापदण्डको आधारमा कर लाग्ने व्यवस्था गर्न साथै एउटै आर्थिक क्रियाकलापमा विभिन्न तहमा कर लगाउनु र नागरिकको कर तिर्न सक्ने क्षमता विपरितका दरमा कर लगाउनु करारोपणका प्रचलित सिद्धान्त विपरित हुने हुँदा दोहोरो कर र अस्वभाविक करका दर सम्बन्धमा अध्ययन गरी समस्या समाधानको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>(४) निर्णय कार्यान्यनको प्रगति विवरण हरेक १५।१५ दिनमा समितिमा पेश गर्ने । |

| | | |
|---|---|---|
| | | अर्को बैठक पछि सुचना गरि बस्ने गरी आजको बैठक स्थगित गरियो । |
| ४ | २०७५/०५/०५<br>विहान १०:३०<br>वजे | अर्थ समितिको आज मिति २०७५/०५/०५ को वैठकमा नेपाल राष्ट्र बैंकका काम कारवाही र नेपालको वित्तिय प्रणालिको वर्तमान अवस्था सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नरसँग छलफल भयो । छलफल पश्चात नेपाल राष्ट्र बैंकसँग देहायका विवरणहरु सात दिन भित्र समितिमा आइपुग्नेगरी माग गर्ने निर्णय भयो ।<br>• लामो अवधिको लगानी सुनिश्चितताको लागि लामो अवधिको लगानि योग्य साधन परिचालन गर्ने योजना र आधार,<br>• तरलता समस्या नआउने अवस्था सृजना गर्नको लागि नेपाल राष्ट्र बैंकको कार्ययोजना,<br>• बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपमा दिने ब्याजदर र ऋणमा लिने ब्याजदर सम्बन्धि नेपाल राष्ट्र बैंकको निर्देशन र भावि योजना,<br>• बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको ऋणको क्षेत्रगत विवरण र खराब ऋणको अवस्था,<br>• बैंक तथा वित्तीय संस्थाहरुको विगत ५ वर्षको निक्षेप, कर्जा, नाफा-नोक्सान, तरलता, पूँजिकोष र वित्तीय अवस्थाको तुलनात्मक विवरण,<br>• निक्षेप र कर्जाको औसत अवधिको विवरण,<br>• संघ प्रदेश र स्थानीय तहमा बैक तथा वित्तीय संस्थाको उपस्थिति, नागरिकहरुको पहुँचको अवस्था र सबै स्थानीय तहमा पुर्याउने समयको सीमासहितको योजना,<br>• वित्तीय क्षेत्र सुधार कार्यक्रमको अवस्था र त्यसले पारेको प्रभाव,<br>• मर्जर र Acquisition को नीति कार्यन्वयनपश्चात बैंक तथा वित्तीय संस्थामा देखा परेका असर र प्रभाव,<br>• बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत सुशासन र संस्थागत समाजिक उत्तरदायित्व बहन गर्न गरेका प्रयाश र उपलब्धिहरु,<br>• बिगत ५ वर्षको मौद्रिक नीतिका प्रमुख व्यवस्थाहरु कार्यान्वयनको अवस्था,<br>• नेपाल राष्ट्र बैंकले पहिचान गरेका समस्यग्रस्त बैंक तथा वित्तीय संस्था, सुधारको लागि दिइएका निर्देशन, भएका कारवाही र वर्तमान अवस्था,<br>• समितिले विगतका बैठकका निर्णयबाट दिइएका निर्देशन कार्यान्वयनका अवस्था,<br>• वित्तिय क्षेत्रका समस्या , समस्या समाधानको लागि नेपाल राष्ट्रबैंकको दृष्टिकोण र मौद्रिक नीति कार्यान्वयनको कार्ययोजना,<br>• विपन्न वर्ग कर्जा, वास्तविक विपन्नहरुले कम लागतमा उपयोग गर्न सक्ने अवस्थाको लागि गरिएका प्रयास । |

| | | |
|---|---|---|
| ५ | २०७५/०५/२४<br>विहान ११ वजे | अर्थ समितिको आज मिति २०७५/०५/२४ को वैठकमा राष्ट्रिय योजना आयोगकको काम कारवाही र भावि कार्ययोजनाको सम्बन्धमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षसँग छलफल भयो । |
| ६ | २०७५/०६/०५<br>विहान ११ वजे | १. अर्थ समितिको आज मिति २०७५-०६-०५ को वैठक समितिका ज्येष्ठ सदस्य माननीय श्री महन्थ ठाकुरको सभापतित्वमा बस्यो । समितिले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७३ को उपनियम (१) बमोजिम सम्माननीय सभामुखज्यूले मिति २०७५ असोज १ गते यस समितिको सभापति पदको निर्वाचन आज मिति २०७५ असोज ५ गते विहान ११ बजे बस्ने बैठकमा हुने गरी मिति तोक्नुभए बमोजिम प्रस्तावक माननीय श्री विष्णु प्रसाद पौडेल र समर्थक माननीय श्री हरिराज अधिकारी रहि माननीय श्री कृष्ण प्रसाद दहाललाई सभापति पदमा निर्वाचन गरियोस् भन्ने एकमात्र प्रस्ताव दर्ता भएकोले माननीय श्री कृष्ण प्रसाद दहाल यस समितिको सभापतिमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्यो ।<br>२. अर्को वैठक पछि सूचना गरी बस्ने गरी आजको वैठक स्थगित गरियो । |
| ७ | २०७५/०६/०९<br>विहान ११ वजे | अर्थ समितिको आज मिति २०७५।०६।०९ गतेको बैठक समिति सभापति माननीय श्री कृष्ण प्रसाद दहालज्यूको सभापतित्वमा बसी समितिका बैठकलाई सुव्यवस्थितरुपमा संचालन गर्नकोलागि समितिका भावि कार्ययोजना सम्बन्धमा छलफलभई देहायअनुसार निर्णय गरियो<br>१. समितिका बैठकलाई सुव्यवस्थितरुपमा संचालन गर्नकोलागि समितिका मा. सदस्यहरुले छलफलको क्रममा राख्नु भएका सुझावहरुलाई समेत समेटी आगामी मंसिर देखि फाल्गुण सम्म ४ महिनाको लागि कार्ययोजना बनाई आगामी बैठकमा पेश गर्न सचिवालयलाई निर्देशन गर्ने ।<br>२. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन अर्थमन्त्रालयले गरेका काम कारवाही र भावी योजनाका बारेमा सम्भव भए सम्म दशैं भन्दा पहिला अर्थ मन्त्रालयसँग छलफल गर्न सचिवालयले समन्वय गरी कार्यसूचि तय गर्ने ।<br>अर्को बैठक पछि सुचना गरि बस्ने गरी आजको बैठक स्थगित गरियो । |
| ८ | २०७५/०६/२१<br>विहान ११ वजे | अर्थ समितिको आज मिति २०७५/०६/२१ गतेको वैठकमा वजेट कार्यान्वयन र विशेषगरी पूँजीगत खर्च अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा अर्थ मन्त्रालयका अधिकारी र महालेखा नियन्त्रकसँग छलफल भयो । छलफलको क्रममा आयोजना/कार्यक्रमहरुको तयारी पहिलो चौमाशिक सम्म पनि नहुने, विनियोजन दक्षता (Allocative Efficiency) पनि नहुने, अधिकांश पूँजिगत खर्च तेश्रो चौमासिकमा हुने गरेको, मन्त्रालयहरुले स्वीकृत कार्यक्रमका लागि वजेट कार्यान्वयनमा भन्दा नयाँ कार्यक्रमहरुमा थप बजेट माग गर्ने प्रवृत्ति विकास हुँदै गएको, वजेट कार्यान्वयन |

| | | |
|---|---|---|
| | | कार्ययोजना कार्यान्वयन नभएको, अनुगमन प्रभावकारी नभएको र बजेट कार्यान्वयनको उत्तरदायित्व कमजोर रहेको जस्ता कारणले वजेट कार्यान्वयन नभएको जानकारी प्राप्त भयो । यसै सन्दर्भमा समितिको आजको वैठकले देहायका निर्णय गर्यो ।<br>१. पूँजिगत खर्चको ठूलो हिस्सा विनियोजन भएका मन्त्रालय/ निकायहरुसँग समन्वय गरि समयवद्ध रुपमा लक्ष्य अनुरुप पूँजिगत खर्च गर्ने खाका सहितको कार्ययोजना बनाई उक्त कार्ययोजना १५ दिनभित्र समितिमा पेश गर्न अर्थमन्त्रालयलाई निर्देशन दिने ।<br>२. आगामी मङ्सिर महिनाभित्र ठेक्का प्रकृया पूरा गरी दोस्रो चौमासिक सम्म ६० प्रतिशत र जेठ मशान्तसम्म ९० प्रतिशत खर्च गर्ने साथै असार महिनामा १० प्रतिशत भन्दा बढी खर्च नहुने गरी कार्य गर्न गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>३. सम्बन्धित विषयगत मन्त्रालय/निकायहरुले स्वीकृत कार्यक्रम कार्यान्वयनमा उदासिनता देखाउने र आर्थिक वर्षको प्रारम्भ देखिनै नयाँ कार्यक्रममा थप वजेट माग गर्ने साथै अर्थ मन्त्रालयले समेत पर्याप्त आधार र तयारी बिना ठूलो गैरवजेटरी रकम निकासा दिँदा सार्वजानिक कोषको दुरुपयोग हुने गरि खर्च गर्ने प्रवृत्ति देखिएकोले यस्तो रकम निकासामा नियन्त्रण गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>४. सङ्घीय सरकारबाट चालु आ.व. मा प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको वजेट कर्यान्वयनलाई प्रभावकारी र नतिजामुलक बनाउन यथाशिघ्र स्थानीय, प्रदेश र सङ्घ बिच सूचना प्रणालीमा आधारित खर्च प्रणाली लागू गर्ने र निकासा, खर्च, लेखाङ्कन, प्रतिवेदन, लेखापरीक्षण, अनुगमन र मूल्याङ्कन पद्धतिमा एकरुपता ल्याइ वित्तीय अनुशासन कायम गर्ने पद्धतिको विकास गर्न निर्देशन दिने साथै स्थानीय तहका सञ्चित कोषमा वचत रहेको गत वर्षको वजेटको अवस्था एकीन गरी व्यवस्थापन गर्न एकीकृत प्रणाली/ढाँचा तयार गरी यथाशीघ्र कार्यान्वयनमा ल्याउने ।<br>५. सार्वजानिक खर्च प्रणालीमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न आयोजना/कार्यक्रमसँग सम्बन्धित सरोकारवाला पक्ष (ठेकेदार, आयोजना/कार्यालय प्रमुख र अन्य जिम्मेवार पक्ष) लाई जवाफदेही बनाउने गरी यथाशिघ्र वित्तीय जवाफदेहिता कानुनको विधेयक तयार गरी संसदमा पेश गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>६. सरकारी भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न बैङ्कहरुको पहुँच भएका स्थानमा पूर्ण रुपमा विद्युतीय भुक्तानी प्रणाली लागु गर्न गराउन निर्देशन दिने ।<br>७. देहायका विवरणहरु ७ दिनभित्र समितिमा आइपुग्ने गरी अर्थ मन्त्रालयसँग माग गर्नेः<br>• स्रोत सुनिश्चित भएका आयोजनाहरु र ति आयोजनाहरुको वित्तीय र भौतिक प्रगतिको विवरण ।<br>• संसदीय प्रकृया भन्दा वाहिरबाट प्रवेश गरेका गैर वजेट कार्यक्रम/योजनाको अवस्था । |

| | | |
|---|---|---|
| | | • पर्याप्त तयारी/अध्ययन विना वजेट विनियोजन गरिएका कार्यक्रम ।<br>• स्थानीय र प्रदेश तहले सञ्चालन गर्नुपर्ने योजनाहरु स्रोत सहित तत तत निकायमा हस्तान्तरण गर्ने तयारी ।<br>• LMBIS मा परेका कार्यक्रमहरुमा संसोधन गर्नुनपर्ने गरि गरिएको तयारी ।<br>• एउटै कार्यक्रमलाई विभिन्न नाममा धेरै शिर्षकमा वजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण गर्न गरिएका प्रयास ।<br>• गैर वजेट ( Off budget) शिर्षकमा विभिन्न मन्त्रालयले विभिन्न मितिमा माग गरेको बजेटको विवरण ।<br>• वहुवर्षिय ठेक्काका कार्यक्रमहरु र त्यस्ता कार्यक्रमहरुको सहमति दिँदा सृजना भएको अग्रिम दायित्व को विवरण ।<br>• राष्ट्रिय गौरवका आयोजनाहरुको वित्तीय र भौतिक प्रगतिको विवरण र कार्यान्वयनमा देखिएका समस्या । |
| ९ | २०७५/०६/२३<br>बिहान ११ वजे | अर्थ समितिको आज मिति २०७५/०६/२३ गते बसेको वैठकमा समितिको आन्तरिक कार्ययोजना सम्बन्धमा छलफल भइ देहाय बमोजिम निर्णय भयो ।<br>१. समितिमा प्रस्तुत गरिएको आगामी कार्ययोजना सम्बन्धमा माननीय सदस्यहरुको सुझावलाई समेटी पूर्णता दिन सचिवालयलाई निर्देशन दिने ।<br>२. दशैं, तिहार, छठ लगायतका चाडपर्वको समयमा हरेक वर्ष मूल्य वृद्धिको समस्याले आम नागरिकहरु आक्रान्त भइरहने सन्दर्भमा यी चाडपर्व शुरु हुनुभन्दा कम्तिमा २ महिना पहिले देखि नै आधारभूत सामग्रीको अस्वभाविक मूल्य वृद्धिमा नियन्त्रण गर्ने प्रणालिको लागि आवश्यक कानूनी व्यवस्था गर्न र चाडपर्वको समयलाई मध्यनजर गरी तत्काल सुपथ मूल्य पसलको अवधि र क्षेत्रगत दायरा विस्तार गरी समयमा गुणस्तरीय, सुलभ र सुपथ मूल्यमा वस्तु वा सेवाको आपूर्तिको व्यवस्था सुनिश्चित हुने गरी कार्य गर्न गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>समितिको आगामी वैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो । |
| १० | २०७५/०८/०३<br>दिनको १ बजे | अर्थ समितिको मिति २०७५।०८।०३ गतेको बैठकमा पूँजिगत खर्च, थप बजेट माग र निकासा सम्बन्धमा अर्थ मन्त्रालय , उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय , भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , कृषि तथा पशुपंक्षी विकास मन्त्रालय , सहरी विकास मन्त्रालयका माननीय मन्त्री र सचिवहरु साथै महालेखापरिक्षक संग छलफल भयो । |
| ११ | २०७५/०८/०५<br>दिनको १ बजे | अर्थ समितिको मिति २०७५।०८।०३ गतेको बैठकमा पूँजिगत खर्च, थप बजेट माग र निकासा सम्बन्धमा अर्थ मन्त्रालय , उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय , भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , कृषि तथा पशुपंक्षी विकास मन्त्रालय , सहरी विकास मन्त्रालयका माननीय मन्त्री र सचिवहरु साथै महालेखापरिक्षक संग छलफल भएको र मिति २०७५।०८।०५ गते समितिका सदस्य विच छलफल भई देहाय बमोजिम निर्णय गरियो ।<br>१. विभिन्न मन्त्रालय अन्तर्गतका वहुवर्षीय ठेक्काका आयोजना/कार्यक्रममा |

| | | |
|---|---|---|
| | | अर्थमन्त्रालयबाट श्रोत सुनिश्चित भए नभएको विवरण माग गर्ने,<br>२. विगतमा वहुवर्षिय ठेक्का सम्झौता भइ कार्यान्वयनको चरणमा रहेका सडक विभाग अन्तर्गतका कतिपय आयोजना/कार्यक्रमहरु हाल प्रदेश तहमा हस्तान्तरण भएकोले काम नगर्न नगराउन सडक विभागबाट परिपत्र भएको देखियो । विगतमा सङ्घीय सरकारद्वारा सञ्चालित वहुवर्षीय ठेक्का सम्झौता भइ सञ्चालित वहुवर्षिय योजनाहरु मध्ये अधुरा योजनाहरु प्रदेश सरकारमा हस्तान्तरण भएको सन्दर्भमा त्यस्ता योजनाहरु सुचारु एवम् सम्पन्न हुने गरी श्रोत सुनिश्चित गर्न र अन्य आवश्यक व्यवस्था गर्न अर्थ मन्त्रालय र अन्य सम्वद्ध मन्त्रालयहरुलाई निर्देशन दिने ।<br>३. Line Ministry Budget Information System (LMBIS) मा परेका कार्यक्रमहरुको समेत हाल सम्म सम्बन्धित मन्त्रालयबाट मातहत निकायमा अख्तियारी नगएको भए तुरुन्त अख्तियारी दिई बजेट कार्यान्वयन हुने व्यवस्था गर्न निर्देशन दिने ।<br>४. विभिन्न मन्त्रालयहरुले आर्थिक वर्षको प्रारम्भमै ठूलो रकममा गैरवजेट माग गरेको देखिएकोले औचित्य पुष्टि हुने गरी अनिवार्य आवश्यकता वा प्राथमिकताका शिर्षकमा बाहेक गैरवजेट स्वीकृत नगर्न अर्थमन्त्रालयलाई निर्देशन दिने ।<br>५. समितिले विगतमा माग गरेको विभिन्न मन्त्रालयहरुको पूँजिगत खर्च गर्ने कार्ययोजना यथाशिघ्र समितिमा आइपुग्ने गरी पेश गर्न पुनः निर्देशन दिने ।<br>६. विकास कार्यक्रम आयोजना सँग सम्बन्धित मन्त्रालयहरु सँग देहाय बमोजिमको विवरणहरु ७ दिन भित्र समितिमा आइपुग्ने गरी माग गर्ने ।<br>• विगतमा वहुवर्षीय ठेक्का सम्झौता भएका र सम्पन्न हुन बाँकी आयोजना/ कार्यक्रमहरु को विवरण,<br>• वहुवर्षीय ठेक्का सम्झौता भएकामध्ये संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने भनिएका आयोजना/कार्यक्रमहरुको विवरण र हस्तान्तरणका आधार र मापदण्ड,<br>• ठेक्का सम्झौता भएको मिति, सम्झौताको अवधि, ठेक्का रकम, ठेकेदार संस्था/ व्यक्ति, सम्झौता गर्ने सरकारी/ आयोजना प्रमुखहरुको नाम र पद, कार्य सम्पन्न अवस्था र बाँकि काम,<br>• चालु आवको बजेट प्रारम्भ भए पश्चात वहुवर्षीय ठेक्काका आयोजना कार्यक्रमको अवस्था ।<br>• गत वर्षको अख्तियारी , निकासा र रकमान्तरको समय र रकम सहितको विवरण , सम्बद्ध पक्षको नाम र पद साथै पूँजिगत खर्चको विवरण<br>• समयमा ठेक्का सम्पन्न नभएका आयोजना, कार्यकमको विवरण, |

| | | |
|---|---|---|
| | | सम्पन्न नहुनाका कारण , जिम्मेवार पक्ष , थप समय अवधी , variation र क्षतिपूर्ति वाफतका रकमहरु,<br>• विगतमा ठेकेदारको कारणले समयमा सम्पन्न हुन नसकेका आयोजना, कार्यक्रमको विवरण, सम्बन्धित पक्षलाई कारबाही गर्ने कानुनी आधार, प्रक्रिया र कानुन बमोजिम कारबाही भए नभएको विवरण । |